मेरो परिवार

पाष्टरीय तालीम पुस्तिका

५६

तालीम र वृद्धि

T&M ®

परिवारप्रतिको सेवकाइलाई बलियो पार्न यो अध्ययनलाई प्रयोग गरुन् गरी प्रभुसँग प्रार्थना गर्नोस् ।

मेरो परिवार : परमेश्वरबाटको एक वरदान

परमेश्वरले मानव जातिलाई समाजमा व्यवस्था ठीक राख्न, सरकारसित व्यवस्था, असल चलन अनि रीति स्थापित गर्न सहयोग गर्नुहुन्छ । समाजको सबैभन्दा आधारभूत इकाइ परिवार हो (उत्पत्ति २:२४)। परमेश्वर स्वयंले समाजको यो जग बसाल्नु भयो । यदि परिवारहरु बलिया छन् भने समाजको सबै सबल हुन्छन् ।

परिवारको प्रारम्भ

परमेश्वरले नै अदनको बगैंचामा पहिलो परिवार स्थापित गर्नुभयो । परिवारको निम्ति परमेश्वरको योजनाको बारेमा हेर्नोस् उत्पत्ति २:१८-२५, एफिसी ५:२२-३३, अनि एफिसी ६:१-४ ।

परमेश्वरले आदम र हवालाई नानीहरु जन्माउन हुकुम गर्नुभयो । नानीहरु परमेश्वरका आशिषहरु हुन् । तर हाम्रा नानीहरुको वास्ता नगर्नु चाहिँ अपराध हो । इसाई आमाबाबुहरु उनीहरुका नानीहरुको वास्ता र शिक्षाको निम्ति जिम्मेवारी छन् ।

कुन चाहिँ अझ असल हो ?

- ☐ दुइ वा तीन नानीहरु हुनु जसलाई राम्ररी पालनपोषण गर्न अनि शिक्षा दिन सकिन्छ ।
- ☐ ६ जना नानीहरु जन्माउनु अनि राम्रोसित हुर्काउन नसकेको कारण तीमध्ये आधा जति कुपोषण भएर मर्दछन् ।

परिवारमा समझदारी अनि प्रेम

बुद्धिमानी दम्पत्तिहरुले आपसमा खुल्ला अनि स्वतन्त्र पाराले, उनीहरुको गहन विचार बाँडचुड गर्दै संचार गर्दछन् । यसरी उनीहरुले एकअर्कालाई बुझ्दछन् अनि स्वीकार्दछन्, अनि शान्ति र मिलापमा रहन्छन् । जब आपसमा समझदारी छैन भने दुवैले दुःख पाउँछन् । आवश्यक परेमा, मण्डलीका एल्डरहरुले उनीहरुलाई आपसी समझदारीमा आउन, संचार आदानप्रदान गर्न, अनि शान्ति र प्रेममा जिउन सहायता गर्नसक्छन् । एल्डरका पत्नीहरुले यस सेवकाइमा सहयोग गर्नैपर्छ । उनीहरुका पतिहरुसित उनीहरुले विवाहित दम्पत्तिहरुलाई भेटघाट गरी परामर्श दिनसक्छन् । उनीहरुको समस्याहरुबारे भरोसा दिएर कुराकानी गर्ने अनि समाधानमा आउन दम्पत्तिलाई सहयोग गर्ने ।

दम्पत्तिहरुले एकअर्कालाई बुझ्नको निम्ति हामी उनीहरुलाई कसरी सहयोग गर्न सक्छौं ?

☐ आइतबारे प्रवचनहरुमा हरेकलाई हप्काएर ।

☐ तिनीहरुलाई व्यक्तिगत रुपमा परामर्श दिएर ।

कसरी एक विवाहित दम्पत्तिले आपसी समझदारीलाई विकास गर्न सक्छ ? तिनीहरुले कसरी घर चलाउने, जिम्मेवारीहरु बाँड्ने अनि नानीहरुलाई हुर्काउने बारेमा छलफल गर्नसक्छन् । इसाई पतिले उसको पत्नीको कुरा सुन्दछ । पत्नीले पनि आफ्नो पतिको आदर गर्छे । एल्डरहरुले यस कुरामा सहयोग गर्नसक्छन् । पतिलाई दबाउन खोज्ने पत्नी एक मूर्ख स्त्री हुन् । बुद्धिमानी स्त्री त आफ्नो पतिको अधीनमा र हन्छे (एफिसी ५:२२-२४)। एक मूर्ख पतिले बल लगाएर पत्नीलाई दबाउने प्रयास गर्दछ । बुद्धिमानी पतिले आफ्नो पत्नीलाई बढो नम्र अनि सुदृढसँग माया गर्दछ । यसैको फलस्वरुप पत्नीले पतिको अगुवाइलाई खुशीसाथ अनि स्वेच्छाले पालन गर्छे ।

परिवारको लागि परमेश्वरको ढाँचा

परमेश्वरले परिवारको लागि एक ढाँचा दिनुभयो । यसलाई पालन गरेमा, परिवार आशिषित हुनजान्छ, एक बन्दछ, राम्रो

अगुवाइ पाउँदछ, अनि खुशीले भरिपूर्ण हुनजान्छ। यो ढाँचालाई इन्कार गरेमा सारा परिवारले कष्ट पाउँछ।

परिवारमा बाइबलीय ढाँचा

(एफिसी ५:२१, अनि ६:४)

खीष्ट

खीष्ट पतिको शिर अनि सारा परिवारको मुक्तिदाता हुनुहुन्छ।

पति

पत्नी अनि नानीहरुको शिर पति हुन् जसले प्रेम गर्छ, वास्ता पुऱ्याउँछ अनि उनको जिम्मामा दिएको जतिलाई सुरक्षा प्रदान गर्दछ। (एफिसी ५:२५-३३ अनि ६:४)

पत्नी

पत्नीले आफ्नो पतिको आदर गर्दछे, अनि उसको अधीनमा र हन्छे। (एफिसी ५:२१-२२)

नानीहरु

नानीहरुले तिनीहरुका आमाबाबुको आज्ञा पालन गर्दछन्
(एफिसी ६:१-३)

कुनै पनि इसाई घरमा, पत्नीको शिर (प्रभुमा) को हो ?

_____

एक प्रेमिलो पतिको उसको पत्नीमाथि अधिकार रहन्छ ।
पतिको शिर चाहिँ को हो ?

_____

पति र मण्डलीको शिर ख्रीष्ट हुनुहुन्छ ।

नानीहरुले कसको आज्ञा पालन गर्नु पर्ने हो ?

_____

इसाई परिवारका नानीहरुले तिनीहरुका आमाबाबुको आज्ञा पालन गर्दछन् अनि आमाबाबुको उदाहरण अनि निर्देशनद्वारा प्रभुलाई चिन्दछन् । परिवारको कल्याणको निम्ति परमेश्वरले यो नियम बनाउनु भयो ।

उदाहरणको लागि, नानीहरुले आमाबाबुको आज्ञा पालन गर्दछन् । पत्नी पतिको अधीनमा रहन्छे । खीष्टको अघि पति उनीहरुप्रति जिम्मेवारी हुन्छ अनि खीष्टले गर्नु भएको जस्तै बलिदानले भरिएको प्रेमसित उसले उसको परिवारको लागि वास्ता पुऱ्याउँछ । यसरी सारा परिवार खीष्टरुपी शिर को अधीनमा रहन्छ ।

जब हामीले यो परमेश्वरले दिनुभएको अधिकार र ढाँचालाई आदर गर्दछौं, त्यहाँ अनुशासन, क्षमादान अनि प्रेम हुन्छ । यदि बाबुआमाले उनीहरुको नानीहरुलाई साँच्चै प्रेम गर्दछन् भने, तिनीहरुले नानीहरुको भूललाई दृढतापूर्वक सुधार्ने काम पनि गर्छन् ।

पारिवारिक प्रेमले ईमान्दारपूर्वक काम गर्छ अनि भरोसालाई बढाउँछ। यसले मन बिझाउने मजाकलाई इन्कार गर्दछ। यसले विगतलाई बिर्सने काम गर्दछ। यसले रीस अनि झगडालाई रोक्ने काम गर्दछ। यसले रीसलाई नियन्त्रण गर्ने काम गर्दछ।

सारांशमा

- इसाई पत्नीले आफ्नो पतिलाई आदर गर्दछ। (एफिसी ५:३३)

- ख्रीष्टले मण्डलीलाई प्रेम गरी उसको निम्ति मर्नुभए जस्तै गरी इसाई पतिले आफ्नो पत्नीलाई प्रेम गर्दछ। (१ पत्रुस ३:७, एफिसी ५:२३-३३)

- नानीहरुले उनीहरुका आमाबाबुको आज्ञा पालन गर्दछन्। (एफिसी ६:१-३)

विवाहको पवित्रता

- भर्खरै विवाह गरेका दम्पत्तिलाई उनीहरुको मातापिताको घर छोड्ने आज्ञा परमेश्वरले दिनुभएको छ । (उत्पत्ति २:२४, मत्ती १९:४-६)। नौलो विवाहित जोडा तिनीहरुको आमाबाबु अथवा सासु-ससुराको अधीनमा अथवा आर्थिक सुरक्षामा बस्नु हुँदैन । तिनीहरुका आमाबाबुले सहयोग गर्ने राम्रै इच्छा गरेको भए तापनि तिनीहरुले नियन्त्रण गर्न खोजेर आफ्ना नानीहरुको नयाँ घर अनि सम्बन्धलाई बिगार्दछन् । विवाहित दम्पत्तिहरुले आफ्ना वृद्ध बाबुआमालाई खाँचो परेको भएमा प्रेमपूर्वक वास्ता गर्नुपर्छ (१ तिमोथी ५:१६)। तर तिनीहरुले आफ्ना आमाबाबुहरुलाई परिवारिक मामिलामा दखल गर्न दिनु हुँदैन ।

- पति र पत्नी ता एउटै "देह" हुन् (एफिसी ५:३०-३१)। परमेश्वरले सम्बन्ध विच्छेदलाई अनुमति दिनुहुन्न । उहाँले विवाह बाहिर यौन सम्पर्क राख्न सख्त मनाही गर्नुभएको छ । (प्रस्थान २०:१४, मत्ती ५:३१-३२) जब व्यभिचार हुन्छ, कसलाई प्रभाव पर्दछ ?

जब व्यभिचार हुन्छ, कसलाई प्रभाव पर्दछ ?

_____

जब व्यभिचार हुन्छ, सबैलाई कष्ट हुन्छ। समाजलाई कष्ट हुन्छ ? मण्डलीलाई कष्ट हुन्छ। व्यभिचारीहरु स्वयंलाई पनि चोट पुग्दछ। परिवारहरु नष्ट हुन्छन्। नानीहरुले सुखी अनि शान्तिपूर्ण परिवारको सुरक्षा गुमाउने छ।

- एक इसाईले अर्को इसाईलाई नै विवाह गर्नुपर्छ (२ कोरन्थी ६:१४)। यो आज्ञालाई नमान्नु आत्मिकी सर्वनाश निम्त्याउनु जत्तिकै हो। यो आज्ञा नमान्दा, विश्वासमा आपसी सपोर्ट पाउन सकिन्न। इसाई कमजोर बन्दै जान्छ। कुनै पनि विशेषता, सिद्धान्त, रुची, प्राथमिकता, अनुशासन, इत्यादिमा सहमत हुनसक्दैन। यो ता एक गधा र एक कुकुरलाई मिलाएर जुवा बोकाई तान्न लाए जस्तै हो।

यदि एक विश्वासीले कुनै अविश्वासीलाई विवाह गर्दछ भने के कस्ता समस्याहरु आइपर्छन् ?

- भर्खरै विवाह गरेको व्यक्तिले उसको पत्नीले विश्वास गर्दैन भनेर उसलाई त्यागिहाल्नु हुँदैन । उसले आफ्नै असल नमूनाद्वारा उसलाई ख्रीष्टको निम्ति जित्ने प्रयास गर्नुपर्दछ (१ कोरन्थी ७:१२-१६, १ पत्रुस ३:१-७)।

एक आज्ञाकारी विश्वासीले आफ्नो पत्नी त्याग्नको लागि बहानाहरु खोज्नु हुँदैन । किन हुँदैन ?

- कुनै पुरुष-स्त्री कहिले काहीँ विवाह नगरी सँगै बस्दछन् । यदि उनीहरु विश्वासी भए भने उनीहरु अलग्गै रहनुपर्छ, अथवा परमेश्वरको अघि एकाअर्कामा विश्वासी रहनको लागि प्रतिज्ञा गर्नुपर्छ (इसाई विवाह)।

इसाई पतिका जिम्मेवारीहरु

- इसाई पतिले उसको पत्नीलाई प्रेम गर्दछ, अनि उसको सारा परिवारको खुशी र कल्याण खोज्दछ। उसले तिनीहरुलाई आत्मिक रुपमा परमेश्वरको बाटोमा डोऱ्याउँछ (१ कोरन्थी ११:३, १ थिस्स. २:११-१२)।



जसरी खीष्टले मण्डलीलाई प्रेम गर्नुभयो त्यसरी नै पतिले पत्नीलाई प्रेम गर्नुपर्छ (एफिसी ५:२५)। पतिले आफ्नो देहलाई प्रेम गरे जस्तै गरी आफ्नो पत्नीलाई प्रेम गर्नुपर्छ। जसरी उसले आफ्नो देहलाई पौष्टिक खाना खुवाए झैं अनि वास्ता गरे झैं, उसले आफ्नो पत्नीलाई वास्ता गर्दै सुरक्षा प्रदान गर्नु पर्छ (एफिसी ५:२८-३०, १ पत्रुस ३:७, कलस्सी ३:२०)।

- इसाई पतिले आफ्नो परिवारलाई सपोर्ट गर्न मन लगाएर काम गर्छ । उसले नानीहरुको वास्ता गर्दछ अनि तिनीहरुलाई अनुशासनमा राख्छ (एफिसी ६:४)। जसले आफ्नो परिवारको पालनपोषण गर्दैन, उ विश्वासी नगर्नेहरुभन्दा पनि खराब हुन्छ (१ तिमोथी ५:८)।

के तपाईंले आफ्नो पत्नी र नानीहरुसित उनीहरुलाई धेरै प्रेम दिएर, बाइबलबाट सिकाएर, अनि तिनीहरुको नैतिक, भौतिक, आत्मिकी अनि भावनात्मक खाँचोहरु पूरा गरेर प्रशस्त समय बिताउनु हुन्छ ? यदि यसो गर्नुहुन्न भने, तपाईंको दैनिक कार्यक्रमको तालिकालाई फेरि तुरन्तै मिलाउनोस्, अनि यसो गर्नलाई समय लिनोस् । तपाईंको तालिकामा के के परिवर्तनहरु ल्याउनु पर्ला ?

इसाई पत्नीका जिम्मेवारीहरु

इसाई पत्नीले प्रेममा आफ्नो पतिको अधीनमा रहन्छिन् । उसले पतिलाई परिवारको अगुवाइको निम्ति सहयोग गर्दछिन् (कलस्सी ३:१८)। तिनीहरुले एक टीम खडा गर्दछन्, अनि उसको पति कप्तान बन्नेछ ।

इसाई पत्नीले उसको पतिलाई सहयोग गर्छे अनि उसित काम गर्छे। उसले आफ्नो पति र नानीहरुलाई वास्ता पुऱ्याउँछे। उसले आफ्नो पतिलाई प्रभुको काममा सपोर्ट गर्दछ, अनि घरमा अनि छिमेकीमा आफ्नो सेवकाइ वृद्धि गर्न सक्छे। उसले मन लाएर काम गर्छे, अनि उसको पति र नानीहरुले उसको प्रशंसा गर्दछन् (हितो. ३१:१०-३१)।

नानीहरुको बाबु टाडो हुँदा दम्पत्तिको माझ सहमत भएको घरको नियमअनुसार तिनीहरुको आमाले उनीहरुको सुधार गर्दछे। यी नियमहरुमा उनीहरु सहमत हुनैपर्छ, अनि परि वर्तन नगरीकन तिनीहरुलाई निरन्तर पालना गर्नुपर्छ। यसरी नानीहरुले पनि सुरक्षा महसुस गर्दछन्।

नानीहरुलाई यसरी तर्साउने नगर्नोस् "तेरो पापा घर आउनु भए पछि हेर्लास्, उहाँले तँलाई पिट्नु हुनेछ।" यसले बाबुको डरमा ल्याउँछ तर आमाको अख्तियारमा चाहिँ कमजोरीपन आउँछ।

इसाई आमाबाबुहरुका जिम्मेवारीहरु

इसाई मातापिताले नानीहरुलाई विश्वासमा हुर्काउँछन् । तिनीहरुले उनीहरुलाई प्रेम गर्छन्, वास्ता गर्छन्, सिकाउँछन् अनि सुधार्दछन् (एफिसी ६:४)। मातापिताहरु उनीहरुसितको व्यवहार अनि सम्बन्धमा न्यायपूर्ण अनि अपरिवर्तनशील हुन्छन् । तिनीहरु कपटी हुँदैनन् तर तिनीहरुको शिक्षाअनुसार व्यवहारमा उतार्दछन् । येशूले नानीहरुलाई हातमा लिनुभयो अनि तिनीहरुलाई आशिष दिनुभयो । जब उहाँका चेलाहरुले नानीहरुलाई प्रभुदेखि टाडा राख्न खोजे, येशूले तिनीहरुलाई सुधार्नु भयो (मर्कूस १०:१३-१६)। नानीहरु आशिष हुन् । तिनीहरु परमेश्वरबाटका वरदानहरु हुन् (भजन १२७:३-५)।

परिवारहरुप्रति मण्डलीको जिम्मेवारी

बलियो मण्डलीमा सम्पूर्ण परिवारहरु हुन्छन् । परिवारको एउटा सदस्य मात्र, अथवा नानीहरु मात्र, अथवा जवानहरु मात्र सदस्यहरु भएको मण्डली कमजोर हुन्छ । मण्डलीले परिवारहरुलाई बलियो पार्दछ, अनि एक बनाएर राख्दछ । पर मेश्वरले सारा परिवार खोज्नु हुन्छ । जब लिडिया प्रभुमा परि वर्तन भइन्, उनले सारा परिवारलाई खीष्टमा ल्याइन् (प्रेरित १६:१४-१५)। त्यसरी नै, कप्तान कर्नेलियस पनि

उसका सारा परिवारसहित प्रभुमा आएका थिए (प्रेरित १०:२४, १०:४४-४८)। फिलिप्पीको जेलन (प्रेरित १६:३३-३४) अनि कोरिन्थको क्रिस्पस (प्रेरित १८:८) ले सारा परिवारसहित सुसमाचारलाई ग्रहण गरेका थिए ।

सारा परिवारलाई प्रभुमा ल्याउनको निम्ति तपाईंको योजना के छ ?

नानीहरुलाई इसाई विश्वास सिकाउन् भनेर तपाईंले कसरी आमाबाबुलाई प्रोत्साहित गर्न सक्नुहुन्छ ?

बाबुहरुले नानीहरुलाई सुधारुन् अनि तिनीहरुलाई अनुशासनमा ल्याउने पत्नीमा नछोडुन् भनेर एक ज्ञानी पाष्टर ले सिकाउँछ । सबै कुरो बिग्रेर नजाउञ्जेलसम्म उसले पर्खदैन । बालक सानै छँदा उसले सुधार्न थाल्छ ।

राजा सुलेमान खीष्टभन्दा केही हजार वर्ष अघि जिएका थिए । बाइबलमा भएको उसको पुस्तकले जवानहरुलाई शिक्षा दिनको निम्ति हामीलाई सहायता पुऱ्याउँछ ।

हितोपदेशको पुस्तक छोटो छ । यसका भनाइहरु सजिलै सम्झन सकिन्छ जसको सहायतामा आमाबाबुले नानीहरुलाई अगुवाइ गर्नसक्छन् । तल केही उदाहरणहरु दिइएका छन्....

आमाबाबुको लागि सल्लाह

तपाईंहरुका नानीलाई परमेश्वरको आज्ञा पालन गर्न सहयोग गर्नुहोस्

परमेश्वरलाई चिन्नको लागि नानीहरुलाई सहायता गर्नोस् । परमप्रभुको डर नै ज्ञानको शुरुवात हो । यदि एक बालकले परमेश्वरलाई चिन्दैन भने, उ एक मूर्ख व्यक्ति बन्दछ (हितोपदेश १:७)।

परमेश्वरको वचन पढ्न अनि तिनीहरुको हृदयमा ती आज्ञाहरु राखिराख्न नानीहरुलाई सहायता गर्नोस् । तब परमेश्वरले

तिनीहरुको सुरक्षा गर्नुहुनेछ (हितोपदेश २:१-५, १०-१२) । दैनिक पारिवारिक आराधना अति मुख्य छ । *"बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालीम देऊ, र वृद्धावस्थामा ऊ त्यसबाट तर्किएर जाँदैन ।"* (हितोपदेश २२:६)।

तपाईंको बालकलाई परमेश्वरमा भरोसा गर्न सिकाउनोस्, ऊ आफैमा होइन । परमप्रभुले सर्वोत्तम बाटो देखाउनु हुनेछ (हितोपदेश ३:५-७)।

परमप्रभुको अनुशासन ग्रहण गर्न तपाईंको नानीलाई सहयता गर्नोस् । परमप्रभुले उहाँका खास सन्तानलाई सुधार गर्नु भए जस्तै गरी, एक असल पिताले पनि आफ्नो छोरा अथवा छोरीलाई न्याय र प्रेममा सुधार्दछ (हितोपदेश ३:११-१२)।

तपाईंका नानीलाई आमाबाबुको आज्ञा पालन गर्न सिकाउनु होस् ।

आफ्ना आमाबाबुको आज्ञा पालन गर्न सुलेमानले नानीहरुलाई सल्लाह दिए । तिनीहरुले सिकाएको कुरालाई बेवास्ता गर्नुहुन्न, किनकि तिनीहरुमा धेरै अनुभव हुन्छ (हितोपदेश १:८-९, हितोपदेश ४:१-५)।

यदि कुनै युवाले आफ्ना आमाबाबुको शिक्षालाई सम्झन्छ भने, ऊ सठीक बाटोमा रहिर हन्छ (हितोपदेश ३:१-२)।



मूर्ख युवाले उसको बाबुको निर्देशनलाई वास्ता गर्दैन । एक ज्ञानी छोराले ध्यान दिन्छ (हितोपदेश १५:५)।

एक बुद्धिमानी छोरा उसको बाबुआमाको लागि आनन्द हो, मूर्ख छोराले उनीहरुलाई कष्ट पुऱ्याउँछ (हितोपदेश १०:१)।

तपाईंको छोरालाई नराम्रो संगतिबाट एकदमै टाडा राख्ने प्रयास गर्नोस् ।

सुलेमानले जवानहरुलाई हिंसात्मक मानिसहरु, अनि दुष्ट आइमाईहरुदेखि होशियार हुने चेताउनी दिएका छन् । यी मानिसहरुदेखि टाडै रहन असल हुन्छ (हितोपदेश ५:३-५)।

तपाईंको छोरोलाई मादक पदार्थ अनि अरु दुर्व्यसनबाट टाडै राख्नोस् ।

बुद्धिमानी छोरोले मादक पदार्थ पिउँदैन अनि मतवालाहरुसित घुमिहिँड्दैन भनी सुलेमानले सल्लाह दिएको छ (हितोपदेश २३:१९-२१)। मतवालालाई दरिद्रताले पर्खिरहेको हुन्छ। त्यसले मद्य खोज्छ, काम खोज्दैन। (हितोपदेश २३:२१)।

हितोपदेश २३:२९-३२ मा सुलेमानले भनेका छन्:

"कसको हृदय कष्ट र शोकले भरिएको हुन्छ ?"

"कलह कसलाई हुन्छ ? गुनासो कसलाई हुन्छ ?"

"कसलाई अनावश्यक चोटपटक लाग्छ ? कसका आँखाहरु र गतजस्ता राता हुन्छन् ?"

"तिनीहरुकै जो मद्यमै भुलिरहन्छन्, जुनहरु मिश्रित मद्यको प्याला चाख्न जान्छन्। रातो दाखमद्यमा एकटक लगाएर

नहेर्, जब त्यो कचौरामा राख्दा फीँज उठ्छ, जब त्यो सहजै उँधो जान्छ । अन्त्यमा त्यसले सर्पझैं डस्छ, र गोमनले झैं विष हालिदिन्छ ।"

तपाईंको उदाहरण र वचनद्वारा, तपाईंका नानीहरुलाई ईमान्दारपूर्वक कठोर परिश्रम गर्न सिकाउनु होस् ।

सुलेमानले यो पनि सिकाए: *"निद्रालाई प्रेम नगर्, यसले तँलाई झन-झन दरिद्र तुल्याउँछ । जागा रहेस् र तँसँग जगेरा अन्न रहनेछ !"* (हितोपदेश २०:१३) एक कमिलाको उदाहरणलाई पछ्याऊ । यसले कठोर परिश्रम गर्दछ । यसले मूर्खता र आलस्यपनमा समय नष्ट गर्दैन । (हितोपदेश ६:६-११)

कुनै पनि छोरोले बाबुको उदाहरण पछ्याउन तत्पर र हन्छ ।

अल्छेपनाले मानिसलाई गरीब बनाउँछ, तर परिश्रमी फलिफाप हुनसक्छ । (हितोपदेश १०:४, अनि (हितोपदेश २८:१९)। परिश्रम गर्ने युवाले भविष्यको डर मान्नुपर्दैन । (हितोपदेश १०:५)

तपाईंको मण्डली अनुशासन अनि शिक्षामा नानीहरुलाई सठीक ढङ्गमा ल्याउन तपाईंले नानीहरुको आमाबाबुलाई कसरी सहयोग गर्नसक्नुहुन्छ ?

नानीहरुलाई अनुशासन गर्नको निम्ति निर्देशनहरु

आफ्ना नानीहरुलाई प्रेम गर्ने अनि अनुशासन गर्ने आमाबाबुहरुले उनीहरुको लागि प्रार्थना गरिदिन्छन् । उनीहरुका नानीहरुलाई सार्वजनिक रुपमा प्रभुमा समर्पित गर्नको लागि कति मण्डलीहरुले आमाबाबुहरुलाई सल्लाह

दिन्छन् (लूका २:२२-२३)। येशूले साना नानीहरुलाई प्रेम गर्नुहुन्छ (मर्कूस १०:१३-१६)। तपाईंको मण्डलीको चलनअनुसार नानीहरुलाई प्रभुमा समर्पित गर्नुपर्ने नानीहरु छन् कि थाहा गर्नोस् ?

- इसाई नानीहरुले उनीहरुका मातापितालाई आदर गर्दछन् अनि उनीहरुको आज्ञा पालन गर्दछन् (प्रस्थान २०:१२, एफिसी ६:१-३) अनि उनीहरुको निम्ति ती नानीहरु खुशी हुन् । तिनीहरुले आज्ञा पालन नगर्दा तिनीहरुका मातापिताले तिनीहरुलाई सुधार गर्नैपर्छ ।

"बालकको हृदय मूर्खताको बन्धनले जेलिएको हुन्छ, तर ताड्नाको बेतले उसबाट टाडा भाग्नेछ ।"

(हितोपदेश २२:१५)

"छडी नचलाउने बाबुले आफ्नो छोरालाई घृणा गर्छ, तर त्यसलाई प्रेम गर्ने बाबुले होशियारीसाथ त्यसलाई ताडना दिन्छ ।"

(हितोपदेश १३:२४)

- ज्ञानी आमाबाबुले मान्नु पर्ने कुरालाई ठिक्कको अनि गजबको बनाउनु पर्छ । नानीहरुले के पालन गर्नु पर्ने हो अथवा होइन, त्यसमा आमाबाबु सहमत भएको हुनुपर्छ । यी मान्नुपर्ने मानकहरु बाइबलीय, न्यायपूर्ण अनि तर्कपूर्ण, अनि सदैव उन्नतिमा लैजाने हुनुपर्छ ।

- यी सबै तिनीहरुकै भलाइको लागि हुन् भनेर नानीहरुलाई भनिदिनोस् । नानीको लागि अनुशासन कष्टदायक भए पनि, आमाबाबुको लागि पनि कष्टदायक नै हुन्छ ।

- यदि कुनै बालकले परिवारको नियममध्ये कुनै एउटा मात्र पनि भङ्ग गर्छ भने, अथवा खेलाँची गर्छ भने, सजाय तुरन्तै, पक्षपातरहित अनि नरिसाईकन दिइनु पर्दछ । नानीलाई सजाय दिँदा उसलाई यो कुरो बुझाइदिनोस् कि यो उसको खराब व्यवहारको कारण दिइएको हो । तपाईंले भन्न सक्नुहुन्छ, "म तिमीलाई प्रेम गर्छु, तर तिमीले जे गऱ्यौ त्यसलाई चाहिँ प्रेम गर्दिनँ ।" अङ्गालो हालेर प्रेमिलो भाषामा सम्झाउनु होस् ।

- कराउँदा अथवा रीस देखाउँदा भन्दा पनि शरीरमा पिटाइ गर्दा बढी प्रभावशाली हुनजान्छ । भूल त्रुटि गरे अनुसार मात्र सजाय दिइनु पर्दछ । अन्यायी बनेर बढी पिट्नु हुँदैन । उदाहरणको लागि, टाउकोमा कहिल्यै नहिर्काउनु होस्, अथवा त्यहाँ समातेर घुमाउने काम पनि नगर्नुहोस् । यसले मगजमा खतरा पुग्न सक्छ । रीसमा हिर्काउने काम कहिल्यै नगर्नु होस् । कति नानीहरु अति सचेत हुन्छन् अनि नम्र स्वरमा गाली गर्दा पनि उनीहरु ठीक बाटोमा आइहाल्छन् ।

- निरन्तर लागिरहनोस् । यदि नानीले आज्ञा पालन गर्दैन भने, जुनसुकै स्थिति अथवा अवसर परेको होस्, सजाय त दिनै पर्छ । उदाहरणको लागि, यदि नानीले सार्वजनिक रुपमा आज्ञा उल्लङ्घन गर्दछ भने, उसलाई कहीँ अन्तै लगेर तुरन्तै सजाय दिइहाल्नु पर्छ ।

- दुवै आमाबाबुले त्यही नियम पालन गर्नुपर्छ अनि एकले अर्कोलाई सहयोग गर्नुपर्छ । यसरी, नानीहरुले आमाबाबुलाई नै एकाअर्काको विरुद्धमा उभ्याएर उनीहरुलाई चतुर्‍याइँसँग चलाउनु सक्दैन ।

- अन्यायपूर्वक अथवा तर्कहीन आदेशहरु दिएर "नानीहरुलाई रीस नउठाओ" (एफिसी ६:४) भन्ने आज्ञा दिइएको छ । तपाईं रिसाउनु भएको बेला नहिर्काउनु होस्, किनभने अति बढी गरिहाल्ने सम्भावना हुन्छ !

- असल बानी-व्यहोरालाई उत्साहित पार्न अनि नानीहरुले सुधार गर्न, उनीहरुलाई इनामहरु दिनुहोस्, अनि सारा परिवार एक साथ भएको बेला सकारात्मक कुरा बोलिदिनु होस् ।

- तन्देरीहरुलाई, शारीरिक सजाय दिनु भन्दा अरु उपायले राम्रो काम गर्छ, जस्तै, कतिवटा सुविधाहरु हटाइदिने, सधैंभन्दा बढी घरेलु काम गर्न दिने, इत्यादि ।

- ज्ञानी इसाई आमाबाबुहरुले तिनीहरुको नानीहरुलाई आदर गर्दछन्, अनि उनीहरुप्रति हाँसो गर्दैनन् । यदि नानीसित व्यवहार गर्दा हामीले भूल गरेका छौं भने, हामीले सो मानिलिने अनि क्षमा माग्ने काम गर्नुपर्छ । यसरी आपसी भरोसा बढाउँछ । कुनै सानो गल्ती गर्दा अथवा असिद्ध रुपमा काम गऱ्यो भन्दैमा हामीले नानीलाई कहिल्यै पनि सजाय दिनुहुँदैन । यस्तो बेठीक कार्वाहीले गर्दा नानीले आफैलाई साथै, कहिले काहीँ जीवनलाई नै घृणा गर्न थाल्छ ।

- कहिले पनि एउटा नानीलाई अर्को नानीसँग तुलना नगर्नोस्, अथवा अर्को नानीलाई बढी वास्ता नगर्नोस् ।

- उन्मादी भावमा उनीहरुलाई नकराउनु होस् । यसले आत्म-संयमको कमि देखाउँछ अनि नानीले तपाईंप्रतिको

आदर गुमाउछ। उनीहरुले के अनि किन गर्नुपर्ने हो, त्यो बुझाउनको निम्ति उनीहरुसँग बातचीत गर्नोस्।

- नानीहरुको अघि बाबुआमाले एकअर्कालाई आलोचना गर्नु हुँदैन, साथै एकअर्काको विरुद्ध नानीको सपोर्ट पनि खोज्नु हुँदैन।

- सबैभन्दा बढी, नानीहरुलाई एक स्थिर अनि सुरक्षित घर दिनुहोस् जहाँ प्रेम, खुलापन, अनि संचार कायम रहेको हुन्छ। नानी जतिसुकै सानो अथवा चकचके किन नहोस्, त्यहाँ आपसी आदर हुनुपर्छ, अनि एकअर्काको समस्या, स्वीकार, (वचन तथा व्यवहारमा) प्रेमको प्रदर्शन हुनुपर्छ।

- जब नानीहरुको माझमा, अथवा नानी र शिक्षकको माझमा, अथवा क्लासको सहपाठी तथा साथीहरुको माझमा विवाद हुन्छ, ज्ञानी आमाबाबुले वास्तवमा के भएको हो भनेर बुझ्न दुवै पक्षलाई सुन्ने काम गर्दछन्।

- जब दुइ नानीहरु झगडा गर्दछन्, ठूलोलाई मात्र उ ठूलो भएको कारणले गर्दा नपिट्नोस् । कहिले काहीँ सानाहरुले ठूलाहरुलाई जानाजानी दुःख दिन्छन्, किनकि ठूलाहरुले सजाय पाऊन् भन्ने उनीहरु चाहन्छन् । सानोभन्दा सानोमा पनि पतित स्वभाव नै छ भनेर नभुल्नोस् ।

- स्व-अनुशासनको नमूना पेश गर्नोस् । नानीहरुले तुरन्तै तिनीहरुका आमाबाबुको कपटीपनलाई देखिहाल्दछन् । हामी नै ती नियमहरु पालन गर्न चुकेका छौं भने, नानीबाट त्यो नियम पालन भएको देख्ने आशा हामी गर्नसक्तैनौं । गफ लाउने, ढीलो आउने, दुर्व्यसनमा मस्त हुने, इत्यादि कुराहरुले नानीहरुलाई नराम्रो नमूना दिएको हुन्छ अनि आमाबाबुको अख्तियारलाई हीन भावनाले हेर्न थाल्छन् ।

- दिनहुँ नानीहरुसित प्रार्थना गर्नोस् । पारिवारिक आर ाधनाको समय पालन गर्नोस् ।

सारांश जाँच

१. आफ्नो पत्नीप्रति इसाई पतिको प्रथम जिम्मेवारी के हो:

_____

_____

२. इसाई पत्नीको उसको पतिप्रतिको प्रथम जिम्मेवारी के हो:

_____

_____

३. इसाई बालकको प्रथम जिम्मेवारी परमेश्वरको आज्ञा पालन गर्नु हो अनि:

☐ उसका आमाबाबुको आज्ञा पालन गर्नु हो ।

☐ उसका साथीभाइको आज्ञा पालन गर्नु हो ।

४. एक पिताले आफ्नो छोरालाई नराम्रो संगतमा लागिरहन दिँदा के हुनजान्छ ?

_____

_____

_____

अभ्यासको काम

- तपाईंको मण्डलीलाई सिकाउनको लागि, एफिसी ५:२१ देखि ६:४ सम्मको विस्तृत अध्ययन तयार पार्नोस् । यो अध्ययन दिइएको रुपरेखालाई पनि अन्तर्भुक्त गर्नोस् ।

- हरेक पितालाई घरमा पारिवारिक आराधना सञ्चालन गर्न अनि उसका नानीहरुलाई सिकाउन प्रोत्साहित गर्नोस् ।

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

056NP01A-01